प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर

# २०८१ सालको कक्षा १० को परीक्षा (SEE) सञ्चालन तथा व्यवस्थापन सम्वन्धी पत्रकार भेटघाट कार्यक्रम

उपस्थित सञ्चारकर्मी मित्रहरू,

शिक्षा प्रणालीको महत्वपूर्ण अंगको रूपमा रहेको परीक्षा सञ्चालन प्रक्रियाले विद्यार्थीको सिकाइ र क्षमताको उचित मूल्यांकन र गुणस्तर सुनिश्चिततामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। निष्पक्ष, मर्यादित, र व्यवस्थित परीक्षा प्रणालीले शिक्षाको स्तर उकास्नका साथै विद्यार्थी, अभिभावक, शिक्षक तथा सम्पूर्ण शैक्षिक समुदायलाई विश्वास दिलाउने कार्य गर्दछ।

यसै परिप्रेक्ष्यमा, २०८१ साल चैत्र ७ गते देखि १९ गते सम्म २०८१ सालको कक्षा १० को परीक्षा (SEE) सञ्चालन व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित,मर्यादित  र पारदर्शी बनाउनका लागि विद्यमान नीति, विधि तथा प्रविधिहरूको प्रयोगलाई प्राथमिकता दिंदै परीक्षा सञ्चालनका क्रममा हुन सक्ने कुनै पनि अनियमितता, जालसाजी, वा अव्यवस्थालाई न्यून गर्न तथा परीक्षार्थीलाई उचित र व्वस्थित तवरले परीक्षा दिने  वातावरण उपलब्ध गराउन परीक्षासँग सम्वन्धित कोशी प्रदेशमा रहेका संघ, प्रदेश र स्थानीय तहका निकायहरू आ-आफ्नो दायित्व अन्तर्गतका कार्य जिम्मेवारीहरू पूरा गर्न क्रियाशिल रहेको जानकारी गराउदछौं ।

यस कार्यक्रमको उद्देश्य पत्रकार तथा संचारकर्मीहरूमार्फत परीक्षा सञ्चालनसम्बन्धी यथार्थ जानकारी सरोकारवाला सम्म प्रवाह गर्नु हो। साथै, यस भेटघाटबाट परीक्षा व्यवस्थापनको वर्तमान स्थिति, सुधारका उपाय तथा आगामी योजनाहरूको विषयमा विस्तृत छलफल गरी जिम्मेवार निकायहरू र सरोकारवालाबीच प्रभावकारी समन्वय स्थापना गर्न खोजिएको छ।

मुख्य उद्देश्यहरूः

- परीक्षा सञ्चालन व्यवस्थापनसम्बन्धी नीति, विधि, तथा कार्यान्वयन प्रक्रिया बारे जानकारी आदान-प्रदान गर्नु।
- निष्पक्ष, पारदर्शी तथा व्यवस्थित परीक्षा सञ्चालनको लागि प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिबाट गरिएका नविन व्यवस्थाका वारेमा जानकारी प्रदान गर्नु।
- परीक्षा प्रणालीप्रति समाजको विश्वास अभिवृद्धि गर्न पत्रकार तथा सञ्चार माध्यमहरूबाट हुन सक्ने सहयोगका सम्वन्धमा छलफल गर्नु।

## परीक्षा सञ्चालनको मिति, समय र स्थान

परीक्षा समय:विहान ८:०० वजेदेखि ११:०० वजेसम्म

| क.सं. | मिति | विषय |
|---|---|---|

| | | |
|---|---|---|
| १ | २०८१/१२/७गते विहिवार | अनिवार्य अंग्रेजी / संस्कृत/अरेविक/संस्कृत भाषा र साहित्य |
| २ | २०८१/१२/८ गते शुक्रवार | अनिवार्य नेपाली/Elective English(गैह्र आवासीय नेपालीका लागि |
| ३ | २०८१/१२/१०गते आइतवार | अनिवार्य गणित |
| ४ | २०८१/१२/१२ गते मंगलवार | अनिवार्य विज्ञान तथा प्रविधि/श्क्ल यजुर्वेद/सामवेद/ऋगवेद/अथर्ववेद/नीति शास्त्र |
| ५ | २०८१/१२/१३ गते बुधवार | अनिवार्य सामाजिक अध्ययन/ऐच्छिक गणित/संस्कृत भाषा तथा व्याकरण/Farm Management n Marketing/EngineeringDrawing/Computer Repair and Maintenance/Basic Music |
| ६ | २०८१/१२/१४ गते विहिवार | ऐच्छिक प्रथम पत्रका सबै विषयहरू/बेद वा निति शास्त्र/ऐच्छिक गणित/Animal Health/Industrial Agiculture and Fish Culture/Data Structure and OOP Concept UsingC++/Building Construction and Drawing/Electical Machine/शास्त्रीय संगित |
| ७ | २०८१/१२/१५ गते शुक्रवार | ऐच्छिक द्वीतिय पत्रका सबै विषयहरू/Dairy Product Technology/Food Crop Production/Computer Hardware/Electronics Repair and Maintenance/Highway Engineering/Basic Electronics/Aqua culture and Fisheries/Electrical Measurement and Instrument/Computer Works/Engineering Surveying/नेपाली लोक संगित |
| ८ | २०८१/१२/१६ गते शनिवार | Veterinary Laboratory Technology/Horticulture Crop Production/Database Management System/Engineering Surveying /Industrial Installation and Maintenance/Vegetable and Medicinal Plant Production/Dairy and Dairy Products/Utilization of Electrical Energy/Data based Management System/Building Construction/पाश्चात्य संगित |
| ९ | २०८१/१२/१७ गते आइतवार | Aqua culture and Fisheries/Floryculture and Nursary Production/DDigital Design and Micro Processor/Estimating Costing and Supervision/ Utilization of Electrical Energy/ Database Management System/Building Construction/Crop Production/Small Ruminant Production and Management/Electronic Device and Circuit/Water Resource Engineering/गायन/बादन/नृत्य |
| १० | २०८१/१२/१८ गते सोमवार | अनिवार्य स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा/कर्मकाण्ड/फलित ज्योतिष/अनिवार्य संस्कृत भाषा /Industrial Installation and Maintenance/Animal Health-ii/Electrical Machine/Micro Processor/Highway Engineering |
| ११ | २०८१/१२/१९ गते मंगलवार | Floryculture and Nursary Management/Veterinary Laboratory Techniques/ Industrial Installation and Maintenance/Object Oriented Programming/ Estimating Costing and Supervision |

## परीक्षा केन्द्र र परीक्षार्थी सम्वन्धी विवरण

| क.स | जिल्ला | केन्द्र संख्या | विद्यार्थी संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साधारण धार | | | प्राविधिक धार | | | खुल्ला परीक्षार्थी | | | कुल जम्मा |
| | | | नियमित | ग्रेडबृद्धि | जम्मा | नियमित | ग्रेडबृद्धि | जम्मा | नियमित | ग्रेडबृद्धि | जम्मा | |
| १ | ताप्लेजुङ | १७ | १४१५ | ७१० | २१२५ | १२२ | २५ | १४७ | १० | १ | ११ | **२२७२** |
| २ | पाँचथर | १९ | २१५८ | ४४९ | २६०७ | १४८ | ५१ | १९९ | १० | ४ | १४ | **२८०६** |
| ३ | ईलाम | २२ | ३२२५ | ७८९ | ४०१४ | १५५ | ६२ | २१७ | १७ | ४ | २१ | **४२३१** |
| ४ | झापा | ५७ | १४९२५ | १८०८ | १६७३३ | २७६ | १९ | २९५ | ६४ | ११ | ७५ | **१७०२८** |
| ५ | संखुवासभा | १७ | २१८४ | ७१२ | २८९६ | २१४ | १० | २२४ | २७ | ० | २७ | **३१२०** |
| ६ | तेह्रथुम | १४ | ११३३ | ३६ | ११६९ | २१ | ० | २१ | ४ | ० | ४ | **११९०** |
| ७ | धनकुटा | ११ | २१२९ | २८७ | २४१६ | १०४ | १५ | ११९ | ११ | ० | ११ | **२५३५** |
| ८ | भोजपुर | ११ | १९८४ | ३६३ | २३४७ | १२० | २५ | १४५ | ३९ | ५ | ४४ | **२४९२** |
| ९ | मोरङ | ७० | १६२१४ | १२४२ | १७४५६ | ६१० | ४१ | ६५१ | ११३ | १ | ११४ | **१८१०७** |
| १० | सुनसरी | ५० | १२५५६ | ५९७ | १३१५३ | ४१७ | १३ | ४३० | ३० | ० | ३० | **१३५८३** |
| ११ | सोलुखुम्बु | १४ | १४७७ | ८६ | १५६३ | ९७ | ० | ९७ | ४१ | १ | ४२ | **१६६०** |
| १२ | खोटाङ | २५ | ३०५८ | ५७९ | ३६३७ | १७२ | ० | १७२ | २ | ३ | ५ | **३८०९** |
| १३ | ओखलढुङ्गा | १७ | २०३४ | ७६ | २११० | १०५ | ५ | ११० | ११ | ० | ११ | **२२२०** |
| १४ | उदयपुर | २७ | ५०१४ | ७१७ | ५७३१ | १५० | ० | १५० | १७ | ० | १७ | **५८८१** |
| **जम्मा** | | **३७१** | **६९५०६** | **८४५१** | **७७९५७** | **२७११** | **२६६** | **२९७७** | **३९६** | **३०** | **४२६** | **८०९३४** |

## २०८१ सालको माध्यमिक शिक्षा परिक्षा SEEमा संलग्न हुने जनशक्तिको विवरण

| **क.स** | **जिल्ला** | **केन्द्र संख्या** | **परीक्षार्थी संख्या** | **केन्द्राध्यक्ष** | **सके** | **निरीक्षक** | **परीक्षा सहायक** | **सहयोगी** | **जम्मा** | **सुरक्षाकर्मी** | **कुल जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | १७ | २२७२ | १७ | १८ | ११३ | २१ | ४४ | २१३ | २५५ | ४६८ |
| २ | पाँचथर | १९ | २८०६ | १९ | १९ | १४२ | २९ | ५६ | २६५ | २८५ | ५५० |
| ३ | ईलाम | २२ | ४२३१ | २२ | २६ | २११ | ४३ | ८३ | ३८५ | ३३० | ७१५ |
| ४ | झापा | ५७ | १७०२८ | ५७ | ११६ | ८५२ | १६९ | ३३९ | १५३३ | ८५५ | २३८८ |
| ५ | संखुवासभा | १७ | ३१२० | १७ | २२ | १५६ | ३० | ६२ | २८७ | २५५ | ५४२ |
| ६ | तेह्रथुम | १४ | ११९० | १४ | ९ | ५९ | ११ | २४ | ११७ | २१० | ३२७ |
| ७ | धनकुटा | ११ | २५३५ | ११ | २० | १२७ | २५ | ५० | २३३ | १६५ | ३९८ |
| ८ | भोजपुर | ११ | २४९२ | ११ | १७ | १२५ | २६ | ५१ | २३० | १६५ | ३९५ |
| ९ | मोरङ | ७० | १८१०७ | ७० | ११९ | ९०२ | १७९ | ३६२ | १६३२ | १०५० | २६८२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | सुनसरी | ५० | १३५८३ | ५० | ८९ | ६८० | १३५ | २७१ | १२२५ | ७५० | १९७५ |
| ११ | सोलुखुम्बु | १४ | १६६० | १४ | १० | ८३ | १९ | ३२ | १५८ | २१० | ३६८ |
| १२ | खोटाङ | २५ | ३८०९ | २५ | २५ | १९० | ३९ | ७६ | ३५५ | ३७५ | ७३० |
| १३ | ओखलढुङ्गा | १७ | २२२० | १७ | १८ | ११२ | २३ | ४६ | २१६ | २५५ | ४७१ |
| १४ | उदयपुर | २७ | ५८८१ | २७ | ३८ | २९३ | ६० | ११७ | ५३५ | ४०५ | ९४० |
| **जम्मा** | | **३७१** | **८०९३४** | **३७१** | **५४६** | **४०४५** | **८०९** | **१६१३** | **७३८४** | **५५६५** | **१२९४९** |

**परीक्षा सम्वद्ध व्यवस्थापन**

- प्रश्नपत्र छपाई र वितरण राष्ट्रिय परीक्षाबोर्डबाट
- उत्तरपुस्तिकाको व्यवस्थापन प्रदेशबाट(शिक्षा विकास निर्देशनालय धनकुटाबाट)
- उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण कार्यको व्यवस्थापन प्रदेशबाट (शिक्षा विकास निर्देशनालय धनकुटाबाट)
- नतिजा प्रकाशन सम्वन्धी कार्य राष्ट्रिय परीक्षाबोर्डबाट

## प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिबाट २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (SEE)व्यवस्थापनका सम्वन्धमा गरिएका निर्णयहरू

- परीक्षा केन्द्र रहेका विद्यालयहरुमा परीक्षार्थी संख्या अनुसारको भौतिक व्यबस्थापन (फर्निचर,शौचालय, खानेपानी लगायत) का लागि जिल्ला परीक्षा समन्वय समिति मार्फत स्थानीय तहबाट आवश्यक सहयोगका लागि अनुरोध ।
- केन्द्र रहेको विद्यालयमा विद्यालय नर्स कार्यरत भए परीक्षा अवधिभर परीक्षा केन्द्रमा नै रहने र विद्यालय नर्स कार्यरत विद्यालयमा परीक्षा केन्द्र नरहेको भए सम्बन्धित स्थानीय तहको परीक्षा केन्द्रहरुमा परीक्षा अवधिभरका लागि खटाउन शिक्षा विकास तथा समन्वय इकाइ मार्फत स्थानीय विद्यालय नर्स कार्यरत रहेको विद्यालयलाई अनुरोध ।
- केन्द्राध्यक्षले परीक्षा केन्द्रमा आवश्यक पर्ने सहायक केन्द्राध्यक्ष , निरीक्षक तथा सहयोगी कर्मचारीको विवरण सम्बन्धित स्थानीय तहको शिक्षा शाखामा पेश गर्ने शिक्षा विकास तथा समन्वय इकाइले परिचयपत्र उपलव्ध गराउने ।
- परीक्षार्थीहरुलाई परीक्षा दिन आउदा जाँदा कम मात्र समय प्रयोग हुने गरी केन्द्र आसपासमै बस्ने ब्यवस्थाका लागि शिक्षा विकास तथा समन्वय इकाइ मार्फत परीक्षा केन्द्रको विद्यालय ब्यवस्थापन समितिलाई अनुरोध गर्ने ।

- परीक्षार्थीलाई अनिवार्य रुपमा विद्यालय पोशाकमा सहभागी गराउन र खुल्ला समूहवाट परीक्षा दिने परीक्षार्थीलाई फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा लगाएर पठाउन शिक्षा विकास तथा समन्वय इकाइ मार्फत सम्बन्धित विद्यालयलाई जानकारी गराउने ।
- परीक्षालाई मर्यादित र व्यवस्थित बनाउनका लागि परीषा केन्द्ररहेका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको नेतृत्वमा टोली गठन गरी नियमित अनुगमन गराई प्रतिवेदन लिने व्यवस्थाका लागि स्थानीय तहलाई अनुरोध गर्ने ।
- केन्द्राध्यक्ष बाहेक निरीक्षक र परीक्षामा खटिने कर्मचारीहरूले परीक्षा केन्द्र भित्र मोवाइल फोन र अन्य इलेक्ट्रोनिक्स डिभाइस लान लैजान नदिने व्यवस्थाका लागि जिल्ला परीक्षा समन्वय समिति मार्फत केन्द्राध्यक्षलाई निर्देशन दिने व्यवस्थाका लागि अनुरोध गर्ने ।

**विशेष आवश्यकता भएका(अपाङ्ग) विद्यार्थीका लागि विशेष व्यवस्था)**

- अपाङ्गताको प्रकृति हेर्दा निर्धारित समयभित्र परीक्षा दिन नसक्ने भएमा शिक्षा विकास तथा समन्वय इकाइको सिफारिसमा केन्द्राध्यक्षले बढीमा १ घण्टा ३० मिनेट समय थप गर्न सक्ने
- दृष्टिविहिन र दुबै हात नचल्ने परीक्षार्थीलाई सम्वन्धित विद्यालयका प्रधानाध्यापकको सिफारिसमा बढीमा कक्षा ८उत्तीर्ण विद्यार्थीलाई शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले फोटो प्रमाणित गरिदिएको सहयोगीबाट लेख्न लगाउन सक्ने ।

**अन्त्यमा,**

यो पत्रकार भेटघाट कार्यक्रमबाट परीक्षा सञ्चालन व्यवस्थापनलाई थप प्रभावकारी बनाउन तथा सरोकारवाला पक्षहरूलाई एकीकृत दृष्टिकोणमा ल्याउन महत्वपूर्ण सहयोग हुने अपेक्षा सहित परीक्षा प्रणालीको विश्वसनीयता वृद्धि गर्ने र कोशी प्रदेशको शिक्षाक्षेत्रलाई थप व्यवस्थित बनाउने विश्वास लिइएको छ।

**धन्यबाद ।**